# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, साउन १ गते २०५७ साल (अतिरिक्ताङ्क १८ (घ)

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले आर्थिक ऐन, २०५७ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी मूल्य अभिवृद्धि करमा दर्ता भएका पर्यटन व्यवसायीहरू (Travel Agency) ले सञ्चालन गर्ने पर्यटकीय यातायातमा लाग्ने मूल्य अभिवृद्धि कर रकमको चालीस प्रतिशत छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

420

# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, साउन १ गते २०५७ साल (अतिरिक्ताङ्क १८ (ङ)

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको

सूचना १

श्री ५ को सरकारले मन्त्रीहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०४९ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सोही दफाको उपदफा (१) मा उल्लिखित मासिक पारिश्रमिकमा मिति २०५७ साल साउन १ गते देखि लागू हुने गरी देहाय बमोजिम परिवर्तन गरेकोले यो सूचना प्रकाशन गरिएको छ:-

(क) प्रधानमन्त्री रु.२२,०००।-
(ख) उप-प्रधानमन्त्री रु.१८,०००।-
(ग) मन्त्री रु.१७,०००।-
(घ) राज्यमन्त्री रु.१६,०००।-
(ङ) सहायकमन्त्री रु.१५,६००।-

सूचना २

श्री ५ को सरकारले सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ को दफा १०घ. ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतका प्रधान न्यायाधीश र न्यायाधीशहरुलाई मिति २०५७ साल साउन १गते देखि लागू हुने गरी सोही ऐनको दफा ३ को उपदफा (१) मा उल्लिखित मासिक पारिश्रमिक र दफा ५ग.को उपदफा (१) मा उल्लिखित लुगा भत्ताको सट्टा क्रमशः देहाय बमोजिमको मासिक पारिश्रमिक र लुगा भत्ता प्रदान गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

| | | मासिक पारिश्रमिक | लुगा भत्ता |
|---|---|---|---|
| १ | प्रधान न्यायाधीश | रु.२१,०००।- | रु.९,०००।- |
| २ | न्यायाधीशहरु | रु.१७,०००।- | रु.७,०००।- |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०५२ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी मिति २०५७ साल साउन १ गते देखि लागू हुने गरी सोही ऐनको अनुसूची-१ को क्रमसंख्या १ र ३ को सट्टा देहाय बमोजिमको क्रमसंख्या १ र ३ राखी देहायका पदाधिकारी तथा सदस्यले पाउने पारिश्रमिक र आवास सुविधामा हेरफेर गरेको छ :-

| क्र सं | सुविधाको किसिम | ईकाई दर | सभामुख र अध्यक्ष प्रत्येकलाई | प्रतिनिधि सभामा विपक्षी दलको नेता | राष्ट्रिय सभामा विपक्षी दलको नेता, सत्ता पक्षको नेता, मुख्य सचेतक प्रत्येकलाई | उपसभामुख र उपाध्यक्ष प्रत्येकलाई | विपक्षी दलको प्रमुख सचेतक, सत्ता पक्षको सचेतक र सभापति प्रत्येकलाई, | सदस्य प्रत्येकलाई |
|---|---|---|---|---|---|---|---|---|
| १. | पारिश्रमिक | प्रति महिना रु. | १९,०००।- | १७,०००।- | १७,०००।- | १६,०००।- | १५,६००।- | १५,२००।- |
| ३. | आवास सुविधा | प्रति महिना रु. | २५,०००।- | २०,०००।- | ६,५००।- | ६,५००।- | ६,५००।- | ६,५००।- |

## सूचना ४

श्री ५ को सरकाले संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी संवैधानिक निकायका पदाधिकारीहरुलाई मिति २०५७ साल साउन १ गते देखि लागू हुने गरी सोही ऐनको दफा ३ को उपदफा (१) मा उल्लिखित मासिक पारिश्रमिक र दफा ११ मा उल्लिखित लुगा भत्ताको सट्टा देहाय बमोजिमको मासिक पारिश्रमिक र लुगा भत्ता प्रदान गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

| | | मासिक पारिश्रमिक | लुगा भत्ता |
|---|---|---|---|
| १ | प्रमुख पदाधिकारी | रु.१६,०००।- | रु.७,०००।- |
| २ | पदाधिकारीहरु | रु.१५,०००।- | रु.६,३००।- |

## सूचना ५

श्री ५ को सरकारले महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी मिति २०५७ साल साउन १ गते देखि लागू हुने गरी सोही ऐनको अनुसूची- १ र २ मा देहाय बमोजिम हेरफेर गरेको छ :-

१.अनुसूची-१ को, -

(१) क्रमसंख्या १ को सट्टा देहायको क्रमसंख्या १ राखिएको छ :-
"१ पारिश्रमिक प्रतिमहिना रु.१६,०००।-"

(२) क्रमसंख्या ६ को सट्टा देहायको क्रमसंख्या ६ राखिएको छ :-
"६ लुगा भत्ता रु.७,०००।-"

२.अनुसूची-२ को, सट्टा देहायको अनुसूची-२ राखिएको छ :-

"अनुसूची-२

(दफा ७ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)
महान्यायाधिवक्ताले विदेश भ्रमण गर्दा पाउने दैनिक भत्ता

| | |
|---|---|
| सार्क मुलुक | अमेरिकी डलर १०० |
| अन्य मुलुक | अमेरिकी डलर १२५" |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४३२

## सूचना ६

श्री ५ को सरकारले संसदका महासचिव, प्रतिनिधिसभाका सचिव तथा राष्ट्रियसभाका सचिवको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५५ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी मिति २०५७ साल साउन १ गतेदेखि लागू हुने गरी सोही ऐनको अनुसूची-१ को क्रमसंख्या १ को सट्टा देहायको क्रमसंख्या १ राखी हेरफेर गरेको छ ।

"१. पारिश्रमिक (प्रतिमहिना) रु.१५,०००।- रु.१४,०००।-"

## सूचना ७

श्री ५ को सरकाले पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०४८ को दफा ३४क. को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुलाई मिति २०५७ साल साउन १ गतेदेखि लागू हुने गरी सोही ऐनको दफा ३ मा उल्लिखित मासिक पारिश्रमिक, दफा १० को उपदफा (१) को खण्ड (ख) मा उल्लिखित दैनिक तथा भ्रमण भत्ता र दफा ११ को उपदफा (३) मा उल्लिखित लुगा भत्ताको सट्टा क्रमशः देहाय बमोजिमको मासिक पारिश्रमिक, दैनिक तथा भ्रमण भत्ता र लुगा भत्ता प्रदान गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

| | मासिक पारिश्रमिक | नेपाल अधिराज्य भित्र नियुक्ति वा सरुवा भएको वा काज खटिएको स्थानमा जाँदा वा आफ्नो ओहदा सम्बन्धी काममा नेपाल अधिराज्य भित्र भ्रमण गर्दा दिईने दैनिक भत्ता | लुगा भत्ता |
|---|---|---|---|
| पुनरावेदन अदालतका मूख्य न्यायाधीश | रु.१६,०००।- | --- | रु. ६,०००।- |
| पुनरावेदन अदालतका न्यायाधीश | रु.१४,०००।- | रु. १४०।- | रु. ६,०००।- |
| जिल्ला अदालतका न्यायाधीश | रु.१२,३४०।- | रु. १४०।- | रु. ५,६००।- |

## सूचना ८

श्री ५ को सरकाले राष्ट्रिय योजना आयोगको उपाध्यक्ष र सदस्यहरुको पारिश्रमिक र विदेश जाँदाको दैनिक भ्रमण भत्ता मिति २०५७ साल साउन १ गते देखि लागू हुने गरी देहाय बमोजिम तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

| सदस्यहरु | | मासिक पारिश्रमिक | दैनिक भ्रमण भत्ता (अमेरिकी डलरमा) | |
|---|---|---|---|---|
| | | | सार्क मुलुक | अन्य मुलुक |
| १ | उपाध्यक्ष | रु.१६,०००।- | १०० | १२५ |
| २ | सदस्यहरु | रु.१५,०००।- | १०० | १२५ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ९

श्री ५ को सरकारले निजामती, शाही नेपाली सेना र प्रहरी लगायत सबै कर्मचारीहरुलाई मिति २०५७।४।१ देखि लागू हुने गरी यसै साथ संलग्न अनुसूची मा उल्लेख भएको बमोजिमको नयाँ तलबमान तोक्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरेको छ।

### अनुसूची -१
### निजामतीको तलबमान

(रकम रुपैयाँमा)

| पद र श्रेणी | शुरु तलब स्केल | ग्रेड संख्या | ग्रेड दर | ग्रेड रकम | अन्तिम तलबमान | २०५७ श्रावण १ गते अघि नियुक्ति पाएका प्राविधिक वा सो सरह तलब भत्ता खाइ पाइ आएकाहरुका लागि विशेष व्यवस्था: ग्रेड संख्या | शुरु तलबमानमा थप | प्राविधिकको अन्तिम तलबमान |
|---|---|---|---|---|---|---|---|---|
| पियन | ३००० | २० | ८० | १६०० | ४६०० | | | |
| पियन द्वितीय तह | ३३०० | १५ | ८८ | १३२० | ४६२० | | | |
| पियन तृतीय तह | ३६३० | १० | १०० | १००० | ४६३० | | | |
| रा.प. अनं. चतुर्थ | ३३०० | १५ | ९० | १३५० | ४६५० | २ | १८० | ४८३० |
| रा.प. अनं. तृतीय | ३६३० | १५ | १०० | १५०० | ५१३० | २ | २०० | ५३३० |
| रा.प. अनं. द्वितीय | ४१०० | १५ | ११० | १६५० | ५७५० | २ | २२० | ५९७० |
| रा.प. अनं. द्वितीय अ.मा.प्रा. | ४८०० | १२ | ११५ | १३८० | ६१८० | | | ६१८० |
| रा.प. अनं. प्रथम | ४९०० | १७ | १२० | २०४० | ६९४० | २ | २४० | ७१८० |
| रा.प. अनं. प्रथम अतिरिक्तमान | ५८५० | १० | १३० | १३०० | ७१५० | २ | २६० | ७४१० |
| रा.प. तृतीय | ७५०० | १५ | १६० | २४०० | ९९०० | २ | ३२० | १०२२० |
| रा.प. द्वितीय | ८६५० | ११ | १९५ | २१४५ | १०७९५ | २ | ३९० | १११८५ |
| रा.प. प्रथम | १०५०० | १० | २३० | २३०० | १२८०० | | | |
| अतिरिक्त सचिव (पेन्सन प्रयोजनको लागि) | ११४२० | | | | | | | |
| रा.प. विशिष्ट | १४००० | | | | १४००० | | | |
| मुख्य सचिव | १५००० | | | | १५००० | | | |
| | | | | | | | | |
| हलुका सवारी चालक | | | | | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रथम तह | ३६३० | ३० | १०० | ३००० | ६६३० | २ | २०० | ६८३० |
| द्वितीय तह | ४१०० | २६ | ११० | २८६० | ६९६० | २ | २२० | ७१८० |
| तृतीय तह | ४९०० | १८ | १२० | २१६० | ७०६० | २ | २४० | ७३०० |
| चतुर्थ तह | ५८५० | १० | १३० | १३०० | ७१५० | २ | २६० | ७४१० |
| भारी सवारी चालक | | | | | | | | |
| प्रथम तह | ४१०० | २६ | ११० | २८६० | ६९६० | २ | २२० | ७१८० |
| द्वितीय तह | ४९०० | १८ | १२० | २१६० | ७०६० | २ | २४० | ७३०० |
| तृतीय तह | ५८५० | १० | १३० | १३०० | ७१५० | २ | २६० | ७४१० |
| हुलाकी | ३१०० | २० | ८० | १६०० | ४७०० | | | |
| हल्कारा | ३३०० | २० | ९० | १८०० | ५१०० | | | |
| जांचकी | ३६३० | २० | १०० | २००० | ५६३० | | | |

*द्रष्टव्य :-*

१. साबिकको तलबमान कायम गर्दा २०५७ आषाढ मसान्त सम्म अर्थ मन्त्रालयको बिभिन्न मितिको परिपत्र अनुसार साबिकको एक दिन बराबरको ग्रेड वृद्धि रकमले तीन ग्रेड वृद्धि गर्ने परिवर्तन उल्लेख भए अनुसार सो अवधिमा ३ दर परिवर्तन भएको यथावत राख्ने ।

२. प्रत्येक वर्ष एक तलब बृद्धि थप गर्दै जाने । साबिकको खाइपाई आएको रकम र वार्षिक तलब बृद्धि जोड्दा कुल तलब बृद्धि ननाघ्ने गरी तलबबृद्धि र ग्रेड संख्या मिलान गर्ने ।

३. अन्तिम ग्रेड बृद्धि दिँदा रकम शेष हुन आएमा अन्तिम ग्रेड बृद्धि पाउने वर्षमा नै फरक रकम दिने ।

४. निजामती किताबखानाले माथि उल्लेख भए बमोजिम तलबी प्रतिवेदन पारित गर्ने व्यवस्था मिलाउने ।

५. उदाहरणको रुपमा २०५७ श्रावण १ गते देखि एक रा.प. तृतीय श्रेणीको तलबमान कायम गर्दा देहाय अनुसार तलब बृद्धिको गणना गर्ने :

| शुरु तलब | साविकको खाइपाई आएको तलब बृद्धि रकम | थप १ वार्षिक तलब वृद्धि (ग्रेड) रकम | जम्मा पाउने रकम |
|---|---|---|---|
| ७५०० | ९१७ | १६० | ८५७७ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 821

अनुसूची २

## नेपाल प्रहरीको तलबमान

| क.स. | दर्जा | श्रेणी | तलबमान तलबवृद्धि | ग्रड दर | ग्रेड संख्या | अन्तिम तलबमान | २०५७ श्रावण १ गते अघि नियुक्ति पाएका प्राविधिक वा सो सरह तलब भत्ता खाइपाई आएका हरुका लागि मात्र विशेष व्यवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | ग्रेड संख्या | शुरु तलबमानमा थप | प्राविधिकको अन्तिम तलबमान |
| १ | फ्लोवर्स (सयस समेत) | श्रेणी विहीन | ३००० | ८० | २० | ४६०० | | | |
| २ | रिक्रुट | श्रेणी विहीन | ३००० | | | ३००० | | | |
| ३ | प्रहरी जवान | रा.प. अनं चतुर्थ | ३३०० | ९० | १५ | ४६५० | २ | १८० | ४८३० |
| ४ | प्रहरी हवल्दार | रा.प. अनं तृतीय | ३६३० | १०० | १५ | ५१३० | २ | २०० | ५३३० |
| ५ | प्रहरी सहायक निरीक्षक | रा.प. अनं द्वितीय | ४१०० | ११० | १५ | ५७५० | २ | २२० | ५९७० |
| ६ | प्रहरी नायब निरीक्षक | रा.प. अनं प्रथम | ४९०० | १२० | १५ | ६७०० | २ | २४० | ६९४० |
| ७ | प्रहरी निरीक्षक | रा.प. तृतीय | ७५०० | १६० | १५ | ९९०० | २ | ३२० | १०२२० |
| ८ | प्रहरी नायब उपरीक्षक | रा.प. द्वितीय | ८६५० | १९५ | ८ | १०२१० | २ | ३९० | १०६०० |
| ९ | प्रहरी उपरीक्षक | रा.प. द्वितीय | ९४३० | १९५ | ७ | १०७९५ | २ | ३९० | १११८५ |
| १० | प्रहरी वरिष्ठ उपरीक्षक | रा.प. प्रथम | १०५०० | २३० | ४ | ११४२० | | | |
| ११ | प्रहरी नायब महा-निरीक्षक | रा.प. प्रथम | ११४२० | २३० | ४ | १२३४० | | | |
| १२ | प्रहरी अतिरिक्त महा-निरीक्षक | विशिष्ट | १४००० | | | १४००० | | | |
| १३ | प्रहरी महा-निरीक्षक | विशिष्ट | १४००० | | | १४००० | | | |

*द्रष्टव्यः- :*

१. साबिकको तलबमान कायम गर्दा २०५७ आषाढ मसान्त सम्म अर्थ मन्त्रालयको बिभिन्न मितिको परिपत्र अनुसार साबिकको एक दिन बराबरको ग्रेड बृद्धि रकमले तीन ग्रेड बृद्धि गर्ने परिवर्तन उल्लेख भए अनुसार सो अवधिमा ३ दर परिवर्तन भएको यथावत राख्ने ।

२. प्रत्येक वर्ष एक तलब बृद्धि थप गर्दै जाने । साबिकको खाइपाई आएको रकम र वार्षिक तलब बृद्धि जोड्दा कुल तलब बृद्धि ननाघ्ने गरी तलबबृद्धि र ग्रेड संख्या मिलान गर्ने ।

३. उदाहरणको रुपमा २०५७ श्रावण १ गते देखि एक रा.प. तृतीय श्रेणीको अधिकृतको तलबमान कायम गर्दा देहाय अनुसार तलब बृद्धिको गणना गर्ने :

| शुरु तलब | साबिकको खाइपाई आएको तलब बृद्धि रकम | थप १ बार्षिक तलब बृद्धि (ग्रेड) रकम | जम्मा पाउने रकम |
|---|---|---|---|
| ७५०० | ९१७ | १६० | ८५७७ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची ३

## *शाही नेपाली सेनाको तलबमान*

२०५७ श्रावण १ गते अघि नियुक्ति पाएका प्राविधिक वा सो सरह तलब भत्ता खाइपाई आएकाहरुका लागि मात्र विशेष व्यवस्था

| क्र.स. | पद/श्रेणी | तलब स्केल | ग्रेड दर | ग्रेड संख्या | अन्तिम तलबमान | ग्रेड संख्या | शुरु तलबमानमा थप | प्रविधिकको अन्तिम तलबमान |
|---|---|---|---|---|---|---|---|---|
| १ | केटा | १५७० | | | १५७० | | | |
| २ | नन् कम्वाटेण्ट | ३००० | ८० | २० | ४६०० | | | |
| ३ | रिक्रुट | २८८० | | | २८८० | | | |
| ४ | सिपाही | ३३०० | ८८ | १५ | ४६२० | | | |
| ५ | प्यूठ | ३४१० | ९५ | १४ | ४७४० | | | |
| ६ | अमलदार | ३६३० | १०० | १५ | ५१३० | २ | २०० | ५३३० |
| ७ | हुद्दागण, हुद्दा | ३८४२ | १०५ | १५ | ५४१७ | २ | २१० | ५६२७ |
| ८ | जमदार | ४१०० | ११० | १५ | ५७५० | २ | २२० | ५९७० |
| ९ | सुवेदार | ४९०० | १२० | १७ | ६९४० | २ | २४० | ७१८० |
| १० | प्रमुख सुवेदार | ६५८० | १३० | ४ | ७१०० | २ | २६० | ७३६० |
| ११ | मानार्थ उप सेनानी | ७२०० | | | ७२०० | | | |
| १२ | मानार्थ सह सेनानी | ७४०० | | | ७४०० | | | |
| १३ | सहायक सेनानी | ७५०० | | | ७५०० | | | |
| १४ | उप सेनानी | ७८२० | १६० | १० | ९४२० | २ | ३२० | ९७४० |
| १५ | सह सेनानी | ८३०० | १६० | १० | ९९०० | २ | ३२० | १०२२० |
| १६ | सेनानी | ८६५० | १९५ | ८ | १०२१० | २ | ३९० | १०६०० |
| १७ | प्रमुख सेनानी | ९४३० | १९५ | ७ | १०७९५ | २ | ३९० | १११८५ |
| १८ | महा सेनानी | १०५०० | २३० | ४ | ११४२० | २ | ४६० | ११८८० |
| १९ | सहायक रथी | ११४२० | २३० | ६ | १२८०० | २ | ४६० | १३२६० |
| २० | उप रथी | १४००० | | | १४००० | | | |
| २१ | रथी | १४५०० | | | १४५०० | | | |
| २२ | प्रधान सेनापति | १५००० | | | १५००० | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | अति रथी | १५००० | | | १५००० |
| विमान सम्भार समुह | | | | | |
| १ | अमलदार | ३८३० | ८८ | १३ | ४९७४ |
| २ | हुद्दा | ४४०० | ९० | १३ | ५५७० |
| ३ | जमदार | ४८०० | ११० | १५ | ६४५० |
| ४ | सुवेदार | ५३०० | १२० | १५ | ७१०० |
| ५ | बरिष्ट सुवेदार | ७१५० | १६० | १५ | ९५५० |
| ६ | उप सेनानी | ९५०० | २४० | १ | ९७४० |
| ७ | सह सेनानी | १०००० | २४० | ५ | ११२०० |
| ८ | सेनानी | ११००० | २४० | ७ | १२६८० |
| ९ | प्रमुख सेनानी | ११६५० | २४५ | ६ | १३१२० |
| १० | महा सेनानी | १२००० | २४५ | १० | १४४५० |
| ११ | सहायक रथी | १३७०० | २४५ | ४ | १४६८० |

*द्रष्टव्य* :-

१. साबिकको तलबमान कायम गर्दा २०५७ आषाढ मसान्त सम्म अर्थ. मन्त्रालयको विभिन्न मितिको परिपत्र अनुसार साबिकको एक दिन बराबरको ग्रेड बृद्धि रकमले तीन ग्रेड बृद्धि गर्ने परिवर्तन उल्लेख भए अनुसार सो अवधिमा ३ दर परिवर्तन भएको यथावत राख्ने ।

२. प्रत्येक वर्ष एक तलब बृद्धि थप गर्दै जाने । साबिकको खाइपाई आएको रकम र वार्षिक तलव बृद्धि जोड्दा कुल तलब बृद्धि ननाघ्ने गरी तलबवृद्धि र ग्रेड संख्या मिलान गर्ने ।

३. उदाहरणको रुपमा २०५७ श्रावण १ गते देखि एक रा.प. तृतीय श्रेणीको अधिकृतको तलवमान कायम गर्दा देहाय अनुसार तलब बृद्धिको गणना गर्ने :

| शुरु तलब | साबिकको खाइपाई आएको तलब बृद्धि रकम | थप १ वार्षिक तलव बृद्धि (ग्रेड) रकम | जम्मा पाउने रकम |
|---|---|---|---|
| ७५०० | ९१७ | १६० | ८५७७ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## तलब भत्ता एवं सुविधा सम्बन्धी व्यवस्था

### १. तलबमान

१.१ २०५७ श्रावण १ गते पछि अतिरिक्तमानमा लैजाने व्यवस्था हटाउने र अतिरिक्तमान सम्बन्धी श्री ५ को सरकार (मन्त्रिपरिषद्) को मिति २०४७/६/५ को निर्णय र सामान्य प्रशासन मन्त्रालयको मिति २०५०/५/४ को परिपत्र खारेज गरिएको छ ।

१.२ २०५७ श्रावण १ गते पछि परिचर/श्रेणी विहिन र सवारी चालकको स्तरवृद्धि नगर्ने । सवारी चालक र परिचर/श्रेणी विहिन स्तरका पदहरुको स्तर बृद्धि सम्बन्धी श्री ५ को सरकार (मन्त्रिपरिषद्) को मिति २०५२/४/१५ को निर्णय खारेज गरिएको छ ।

१.३ कार्यदक्षता सीमा पछिको तलब बृद्धि (ग्रेड) को व्यवस्था गरिएको छैन ।

१.४ नयाँ तलबमान लागू भएपछि प्राविधिक र प्रशासनको शुरु तलबमान एउटै हुने छ । नयाँ तलबमान लागू हुनु पूर्व प्राविधिक वा सो सरहको पदमा काम गर्दै आएका राष्ट्र सेवकहरुले खाईपाई आएको प्राविधिक तलबमानमा मिलान गर्न कूल ग्रेड सख्याको सीमा बाहिर रहने गरी राजपत्राकिंत र राजपत्रअनंकितलाई नयाँ तलबमान लागू हुँदा शुरुमै २ ग्रेड थप गर्ने । नयाँ तलबमान लागू हुनु भन्दा अगाडि नियुक्त भई काम गरिरहेका प्राविधिक वा सो सरहका कर्मचारीहरुको हकमा मात्र अन्तिम तलबमान अनुसूची १, २ र ३ मा लेखिए बमोजिम कायम गर्ने ।

१.५ कर्मचारीले जुन मिति देखि तलब बृद्धि पाउने हो सोही मिति देखि १ (एक) तलब बृद्धि दिने । नयाँ तलब बृद्धि दर लागू भएको महिना अगाडि (बैशाख देखि तलबमान लागू हुनु भन्दा ठीक अगाडिको मिति सम्म) तलब बृद्धि पाएका कर्मचारीको हकमा नयाँ बार्षिक तलब बृद्धि दर र सो अगाडिको १ (एक) दर वीचको फरक रकम दिनु पर्ने देखिएमा कार्यालय प्रमुखबाट निर्णय गराई दिने व्यवस्था गर्ने ।

१.६ २०५७ श्रावण १ गते पछि सेवा निवृत्त हुने कर्मचारीहरुको खाईपाई आएको अन्तिम तलबमान कायम गर्दा बार्षिक तलब बृद्धि वापत निजले खाइपाई आएको रकमलाई तोकिएको दरले भाग गरी संख्या कायम गर्ने र शेष आएमा १ ग्रेड थप गरी खाईपाई आएको तलब बृद्धि (ग्रेड) रकम कायम गर्ने तथा सो रकममा शुरु तलब स्केल जोड्ने ।

१.७ नयाँ तलबमान लागू भएपछि प्रशासकीय अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी नियमहरु, २०४२ अनुसार दिइने प्रोत्साही पुरस्कार र निजामती सेवा नियमावलीको नियम ११६ अनुसार तलब बृद्धि (ग्रेड) दिने व्यवस्था अर्को निर्णय नभएसम्म प्रदान नगर्ने ।

१.८ साविकमा खाईपाई आएको रकम कायम गर्दा २०५५ श्रावण १ गते पछि प्रोत्साहित पुरस्कार र नियम ११६ अनुसार बृद्धि पाएको अवस्थामा बाहेक निम्नानुसार गरी साबिकमा खाईपाई आएको रकम कायम गर्ने ।

२०५५ श्रावण अगाडी खाईपाई आएको सबै संख्या मध्ये १ दर २०५५ श्रावण १ गते देखि लागू भएको एक दिनको शुरु तलब बराबर र बांकी सबै सो भन्दा अगाडीको दरले हिसाब गर्ने ।
२०५५ श्रावण १ गते देखि एक दिनको शुरु तलब बराबरको १ दरले हिसाब गर्ने ।
२०५६ श्रावण १ गते देखि एक दिनको शुरु तलब बराबरको १ दरले हिसाब गर्ने ।

माथी लेखिए बमोजिमको दरबाट हुन आउने रकम भन्दा बढी खाईपाई आएको भए (प्रोत्साहित पुरस्कार वा नियम ११६ बमोजिम थप पुरस्कार पाएको अवस्थामा बाहेक) सो रकम फिर्ता गर्न लगाउने । फिर्ता नगरेमा निजको तलबी प्रतिवेदन पारित नगर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ८२५

- उदाहरणार्थ १५ ग्रेड खाईपाई आएको एक रा.प. तृतीय श्रेणीको अधिकृतले २०५५ श्रावण १ गते देखि लागू भएको १ दिनको तलब बराबरको कार्यदक्षता सीमा पछिको रकम रु १३९ को तीन वटा दर, रु ४५ को ४ वटा दर र कार्यदक्षता सीमा अघिको रु ४० को ८ वटा दर गरी जम्मा रु ९१७ खाईपाई आएको छ। तसर्थ २०५७ श्रावण १ गते निजको तलब निम्नानुसार हुनेछ।

| शुरु तलब | साबिकको खाइपाइ आएको तलब बृद्धि (ग्रेड) रकम | बृद्धि पाउने मिति देखि पाउने ग्रेड संख्या | बार्षिक तलब बृद्धि (ग्रेड) रकम | २०५७ साउन १ गते पाउने ग्रेड रकम | कूल तलब |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५(२+४) | ६(१+५) |
| ७५०० | ९१७ | १ | १६० | १०७७ | ८५७७ |

साबिकमा खाईपाई आएको रकममा प्रत्येक बर्ष दिने बार्षिक तलब बृद्धि समेत जोड्दा अन्तिम तलबमान ननाघ्ने गरी तलब बृद्धि दिदै जाने र अन्तिम तलबमानमा पुगेका बखत ग्रेड संख्या र अन्तिम तलबमान कायम गर्ने। अन्तिम तलबमानमा समायोजन गर्दा फरक रकम १ ग्रेड संख्या भन्दा कम भएमा सो फरक रकम अन्तिम तलब बृद्धि दिंदा थप गरी भुक्तानी दिने व्यवस्था मिलाउनु पर्नेछ।

## २ भत्ता सम्बन्धी व्यवस्था

२.१ २०५७ श्रावण १ गते अगाडी प्रचलनमा रहेका भत्ताहरु मध्ये यस सूचनाको अनुसूचीमा तोकिएका बाहेक सबै प्रकारका भत्ताहरु खारेज गरिएको छ।

२.२ २०५७ श्रावण १ गते देखि लागू हुने गरी अनुसूची ५ मा तोकिए बमोजिम स्थानीय भत्ता र हिमाली क्षेत्रको क र ख बर्गमा काम गर्ने कर्मचारीले तोकिए बमोजिम लुगा भत्ता प्रदान गरिने छ।

२.३ २०५७ श्रावण १ गते देखि फिल्डमा काम गर्ने कर्मचारीहरुलाई अनुसूची- ५ मा तोकिए बमोजिमको फिल्ड भत्ता प्रदान गरिने छ।

२.४ शाही नेपाली सेना र नेपाल प्रहरी तर्फ कार्य प्रकृतिको आधारमा अनुसूची -६ र ७ मा तोकिए बमोजिमको भत्ता २०५७ श्रावण १ गते देखि प्रदान गरिने छ।

२.५ बिदेशस्थित कुटनैतिक नियोगमा कार्यरत कर्मचारीलाई प्रदान गरिनें बैदेशिक भत्ता २०५७ श्रावण १ गते देखि लागू हुने गरी साबिकमा खाइपाई आएको रकमलाई यथावत कायम गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची- ४

## स्थानीय भत्ताको मासिक दर र स्थानको वर्गीकरण

(१) २०५७ साउन १ गते देखि लागू हुने स्थानीय भत्ताको मासिक दर

| पद | क वर्ग | | | ख वर्ग | | | ग वर्ग | | | घ वर्ग | | | ङ वर्ग | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सदरमुकाम र ६ कोष भित्र | सदरमुकामबाट ६देखि १२ कोष भित्र | १२ कोष र सो भन्दा माथि | सदरमुकाम र ६ कोष भित्र | सदरमुकामबाट ६ देखि १२ कोष भित्र | १२ कोष र सो भन्दा माथि | सदरमुकाम र ६ कोष भित्र | सदरमुकाम बाट ६ देखि १२ कोष भित्र | १२ कोष र सो भन्दा माथि | सदरमुकाम र ६ कोष भित्र | सदरमुकाम बाट ६ देखि १२ कोष भित्र | १२ कोष र सो भन्दा माथि | सदरमुकाम र ६ कोष भित्र | सदरमुकाम बाट ६ देखि १२ कोष भित्र | १२ कोष र सो भन्दा माथि |
| पियन | २२५० | २३६५ | २५९० | १८०० | १८९० | २०७० | १३५० | १४२० | १५५५ | ७०० | ८९५ | ९८० | ३५० | ३७० | ४०५ |
| रा.प.अनंकित चतुर्थ | २४७५ | २६०० | २८४५ | १९८० | २०८० | २२७५ | १४८५ | १५६० | १७१० | ८०० | ८४० | ९२० | ३९० | ४१० | ४५० |
| रा.प.अनंकित तृतीय | २७०० | २८३५ | ३१०५ | २१६० | २२७० | २४८५ | १६२० | १७०० | १८६५ | ९१० | १००० | १०९५ | ४३० | ४५० | ४९५ |
| रा.प.अनंकित द्वितीय | ३०७५ | ३२३० | ३५३५ | २४६० | २५८५ | २८३० | १७५० | १८४० | २०१५ | १०२५ | ११०५ | १२१० | ४८० | ५०५ | ५५० |
| रा.प.अनंकित प्रथम | ३६७५ | ३८६० | ४२२५ | २९४० | ३०८५ | ३३८० | २१०० | २२०५ | २४१५ | १२२५ | १२८५ | १४१० | ५६५ | ५९५ | ६५० |
| रा.प. तृतीय | ५६२५ | ५९०५ | ६४७० | ४५०० | ४७२५ | ५१७५ | ३३५० | ३५२० | ३८५५ | १५०० | १५७५ | १७२५ | ७९० | ८३० | ९१० |
| रा.प. द्वितीय | ६४९० | ६८१५ | ७४६५ | ५१९० | ५४४९ | ५९७० | ३७५० | ३९४० | ४३१५ | २००० | २१०० | २३०० | १०१० | १०६० | ११६० |
| रा.प.प्रथम | ७८७५ | ८२७० | ९०५५ | ६३०० | ६६१५ | ७२४५ | ४३०० | ४५१५ | ४९४५ | २५०० | २६८० | २९३५ | १२९० | १३५५ | १४८५ |
| रा.प.विशिष्ट | ९७०० | १०१८५ | १११५५ | ७२०० | ७५६० | ८२८० | ५२०० | ५४६० | ५९८० | ४२०० | ४४१० | ४८३० | १४०० | १४७० | १६१० |

२) स्थानको वर्गीकरण

१. (क) वर्गको स्थानीय भत्ता पाउने स्थानहरु

१. गण्डकी - मनाङ  २. कर्णाली - हुम्ला, मुगु, डोल्पा र कालीकोट  ३. सेती - बाजुरा

२. (ख) वर्गको स्थानीय भत्ता पाउने स्थानहरु

१. धवलागिरी - मुस्ताङ  २. कर्णाली - जुम्ला
३. सेती - बझाङ  ४. महाकाली - दार्चुला

३. (ग) वर्गको स्थानीय भत्ता पाउने स्थानहरु

१. राप्ती - रुकुम  २. भेरी - जाजरकोट, दैलेख  ३. सेती - अछाम

४. (घ) वर्गको स्थानीय भत्ता पाउने स्थानहरु

१. मेची - ताप्लेजुङ्ग
२. कोशी - संखुवासभा, भोजपुर, तेह्रथुम
३. सगरमाथा - खोटाङ्ग, ओखलढुङ्गा, सोलुखुम्बु
४. धवलागिरी - म्याग्दी
५. राप्ती - रोल्पा, सल्यान, प्यूठान
६. महाकाली - डडेल्धुरा र बैतडी
७. सेती - डोटी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

*५. ङ) वर्गका स्थानीय भत्ता पाउने स्थानहरु*

| | |
|---|---|
| १. मेची | पाँचथर |
| २. कोशी | धनकुटा |
| ३. जनकपुर | रामेछाप, दोलखा |
| ४. वागमती | रसुवा, सिन्धुपाल्चोक, धादिङ्ग (सदरमुकाम क्षेत्र) |
| ५. गण्डकी | लमजुङ्ग, गोरखा |
| ६. धवलागिरि | बाग्लुङ्ग, पर्वत |
| ७. लुम्बिनी | गुल्मी, अर्घाखाँची |

स्पष्टीकरण:- माथी जिल्ला सदरमुकामका स्थानीय भत्ता दर सम्बन्धमा जुन सुकै प्रस्तावका दरहरु प्रस्ताव गरिएका भए पनि देहायमा उल्लेख भएका स्थानहरुमा कार्यरत कर्मचारीहरुले देहायमा उल्लेख भएका दरहरुले स्थानीय भत्ता पाउनेछन् ।

१."ख" वर्गको सदरमुकामको दरले पाउने जिल्लाका गाउँ विकास समितिहरु

(क) मेची- ताप्लेजुङ्गको घुन्सा र ओलाङचुङगोला यसमा पर्ने गा.वि.स.हरु ओलाङ्गचुङगोला ।

(ख) कोशी-संखुवासभा नुम भन्दा उत्तरी जिल्लामा पर्ने (१) चेपुवा (२) हेदाङ्ना (३) किमाथाङ्का (४) स्याकसिला (५) वालुङ्ग र (६) सिमाजोर

(ग) सगरमाथा-सोलुखुम्बुको नाम्चे सहित उत्तरको इलाका यसमा पर्ने गाउँ विकास समितिहरु (१) खुम्जुङ (२) नाम्चे (३) चौरीखर्क

(घ) जनकपुर-दोलखा जिल्लाको लामो बगर र रोल्वालिङ्ग सहित उत्तरी इलाका यसमा पर्ने गाउँ विकास समिति (१) गोगर

(ङ) वागमती-रसुवाको टिमुरे सहित उत्तरी इलाका यसमा पर्ने गाउँ विकास समिति (१) टिमुरे

(च) गण्डकी-गोरखाको सिर्दिबास सहित उत्तरको इलाका यसमा पर्ने गाउँ विकास समितिहरु (१) सिर्दिवास (२) प्रोक (३) लोह (४) केरोजा (५) छेकम्पार र (६) मान्बु

(छ) धवलागिरी - वाग्लुङ्गको ढोरपाटन क्षेत्रमा पर्ने गाउँ विकास समितिहरु (१) बोडाँग (२) निसी (३) हुकाम (४) रन्मा (५) मैकोट र (६) टकवाछी

(ज) सेती-डोटी जिल्लाको खप्तड जडीबुटी उद्यानको ९००० (नौ हजार फिट) भन्दा उचाईको भाग

२ "घ" वर्गको १२ कोष भन्दा माथिको दर पाउने जिल्लाका गाउँ विकास समितिहरु

(क) वागमती-धादिङ्गको आँखु खोलाको उत्तरी इलाका, यसमा पर्ने गाउँ विकास समितिहरु (१) बुढाथुम (२) लापा (३) फुलखर्क (४) रिगाउँ (५) सल्यानकोट (६) सल्यानटार,
सिन्धुपाल्चोकको फुपिङ्ग र सेर्माथाङ्ग सहित उत्तरी इलाका, यसमा पर्ने गाउँ विकास समितिहरु (१) बराँचो (२) बरुवा (३) भौतागँ (४) वीरता गोलदे (५) गुनसा (६) गुवा (७) किउल (८) लिसतीकोट (९) महाङ्गाल (१०) पाँग ताँग (११) फुल्पीङ्गकी (१२) धागपालकोट र (१३) टिमुवठगल टिनुस ध्यागल ।

(ख) गण्डकी-लमजुङ्गको खूदी सहित उत्तरी क्षेत्र यसमा पर्ने गाउँ विकास समितिहरु (१) बाहुन डाँडा महेन्द्रोदय (२) श्रीकाली काताधी (३) ठुलीबेसी पताङ्गी र (४) ठाकन फालिकादेवी ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

माथीका विभिन्न वर्गका जिल्ला सदरमुकाम क्षेत्रको ६ कोष भन्दा बाहिर नगरपालिका क्षेत्र भित्र र कालो पत्रे सडक पुगेका गाउं विकास समितिमा अवस्थित कार्यालयका कर्मचारीले सदरमुकामको दरले स्थानीय भत्ता पाउनेछन्। सदरमुकाम भन्दा बाहिर पाउने प्रतिशत पाउने छैनन्।

द्रष्टव्य : स्थानीय भत्ता दिने आधारहरुः

(क) कर्मचारीले तोकिएका स्थानका लागि तोकिएको रकम स्थानीय भत्ता पाउने छन्।

(ख) राशन सुविधा पाईरहेका निजामती, शाही नेपाली सेना, नेपाल प्रहरी एवं त्यस्तै सुविधा पाएका र कार्यरत जिल्ला भित्र स्थायी बसोबास भएका निजामती सेवाका कर्मचारीहरुले प्रकरण (क) मा तोकिएको रकमको २५ प्रतिशतका दरले मात्र स्थानीय भत्ता पाउने छन्।

तर 'क' र 'ख' वर्गमा भने तोकिएको रकमको ५० प्रतिशतले स्थानीय भत्ता पाउने छन्।

(ग) स्थानीय स्तरमा समितिद्वारा नियुक्ति भई सोही स्थानमा काम गर्ने कर्मचारीहरुले स्थानीय भत्ता नपाउने। स्थानीय स्तरमा नियुक्त हुने कर्मचारी भन्नाले स्थानीय समिति वा निकायहरुले नियुक्त गरी श्री ५ को सरकारबाट तलब सुविधा प्राप्त गर्ने कर्मचारीहरुलाई बुझाउँछ।

तर 'क' र 'ख' वर्गमा काम गर्ने कर्मचारीहरुलाई भने तोकिएको दरको ५० प्रतिशतले स्थानीय भत्ता दिइनेछ।

(घ) कुनै कर्मचारी स्थानीय भत्ता पाउने स्थानमा बसी काम गरेको भएमा मात्र त्यस्तो भत्ता पाउनेछ। कर्मचारीको पदस्थापना स्थानीय भत्ता पाउने स्थानमां भएको भए तापनि निजामती सेवा ऐनको दफा १८ (२) बमोजिम काजमा वा अन्य तवरले कुनै भत्ता नपाउने वा कम पाउने स्थानमा बसी काम गरेमा निजले सो अवधिभर स्थानीय भत्ता नपाउने वा त्यस्तो स्थानको निमित्त तोकिएको भत्ता सम्म दिने।

(ङ) एक बर्षमा ३० दिन सम्मको विदामा बसेको कर्मचारीलाई स्थानीय भत्ता दिने। तर सुत्केरी विदा, क्रिया विदा, भैपरी विदा, पर्व विदाको हकमा यो व्यवस्था लागू नहुने। अध्ययन काज तथा अध्ययन विदा र असाधारण विदामा बसेको कर्मचारीले स्थानीय भत्ता नपाउने। भत्ता पाउने स्थानमा पदाधिकार रहेको आधारमा मात्र स्थानीय भत्ता नदिने।

(च) एउटै श्रेणी भित्र विभिन्न तह रहेकोमा स्थानीय भत्ता दिने प्रयोजनका लागि सम्बन्धित श्रेणीको निमित्त तोकिएको रकम उपलव्ध गराउनु पर्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**दुर्गम क्षेत्रको लुगा भत्ता सम्बन्धी व्यवस्था :-**

स्थानीय भत्ता प्रयोजनको लागि वर्गीकरण गरिएका 'क' र 'ख' वर्गको भौगोलिक क्षेत्रमा कार्यरत निजामती कर्मचारीहरु(पोशाक सुविधा पाउने बाहेक) ले सो जिल्लामा पदस्थापन वा सरुवा भई कार्यरत रहेको पहिलो वर्षको मंसिर महिनाको तलव साथ देहाय बमोजिमको लुगा भत्ता पाउनेछन् । अन्य वर्गमा कार्यरत कर्मचारीहरुले लुगा भत्ता पाउने छैनन् ।

| | |
|---|---|
| क) राजपत्रांकितलाई | रु १,५०० |
| ख) राजपत्र अनंकितलाई | रु १,००० |
| ग) पियन वा सो सरह | रु ७०० |

एक पटक लुगा भत्ता पाएपछि दुई वर्ष व्यतित नभई पुनः लुगा भत्ता दिइने छैन । अर्थात २०५७ साल श्रावणमा हुम्लामा पदस्थापन वा सरुवा भई सोही महिना वा मंसिरको तलव भुक्तानी हुनु अघि हाजिर भएको कर्मचारीले मंसिरको तलव साथ उपरोक्त भत्ता पाउनेछ । सो कर्मचारीले सोही जिल्लामा कार्यरत रहेमा २०५९ साल मंसिरको तलव साथ पुनः लुगा भत्ता पाउनेछ ।

लुगा भत्ता पाउने एक जिल्लाबाट लुगा भत्ता पाउने अर्को जिल्लामा सरुवा भएमा कर्मचारीको रमाना पत्रमा लुगा भत्ता पाएको अवधि उल्लेख गर्नु पर्नेछ र दुवै वर्गमा गरी दुई वर्ष व्यतित भएपछि मात्र पूनः लुगा भत्ता दिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - ५

फिल्ड भत्ता रकम (रु. मा)

| सि.नं. | श्रेणी | तराई तर्फ | पहाड तर्फ |
|---|---|---|---|
| | | मासिक | मासिक |
| १ | विशिष्ट श्रेणी | ६५० | ७०० |
| २ | रा.प.प्रथम | ५५० | ६०० |
| ३ | रा.प.द्वितीय | ५०० | ५५० |
| ४ | रा.प.तृतीय | ४५० | ५०० |
| ५ | रा.प.अ. प्रथम | ३५० | ४०० |
| ६ | रा.प.अ. द्वितीय | ३०० | ३५० |
| ७ | रा.प.अ. तृतीय | २७० | ३२० |
| ८ | रा.प.अ. चतुर्थ | २३० | २८० |
| ९ | पियन श्रेणी विहिन | २०० | २५० |

फिल्ड भत्ता दिंदा देहायको आधार अपनाउनु पर्नेछ :-

(क) फिल्डमा अर्थात् गाउँ गाउमा बसी काम गर्ने नापी विभागको नापी टोली, गाउँ गाउँमा काम गर्नु पर्ने जिल्ला कृषि शाखाका जे.टी. र जे.टी.ए. जस्ता कर्मचारी, तथ्यांक विभागका गाउँ गाउँमा घुमी तथ्यांङ्क लिने टोली, जिल्ला सहकारी कार्यलयका फिल्डमा काम गर्ने कर्मचारी, गाउँ गाउँमा घुम्ने शिक्षा शाखाका प्रा.वि.नि. तथा मा.वि.नि., अदालतका तामेलदार, अमिन आदि जस्ता कर्मचारीहरुले फिल्ड भत्ता पाउने। (फिल्डमा काम गरेकोमा प्राविधिक, प्रशासनिक दुवै प्रकारका कर्मचारीहरुलाई फिल्ड भत्ता दिने)

(ख) अस्थायी मुकाम कायम गरी भन्नाले टोली नै खटिई गएकोमा सम्वन्धित टोलीले काम नसकुन्जेल र गाउँ गाउँमा घुमी काम गर्नु पर्नेहरुको हकमा घुमिरहने पुरै अवधिलाई फिल्ड काज मुकाम मान्ने।

(ग) सदर मुकामबाट जति टाढा गएमा दैनिक भत्ता पाउन सक्छ त्यति नै दूरी गएमा फिल्ड भत्ता पाउने।

(घ) आफ्नो घरवास भएको ठाउँमा फिल्डमा खटिएको कर्मचारीलाई दैनिक भ्रमण भत्ता नियम अनुसार दैनिक भत्ता पाउन सक्ने दूरीमा गएमा त्यस्ता कर्मचारीलाई पनि फिल्ड भत्ता दिने।

(ङ) फिल्ड भत्ता फिल्डमा काम गरेको दिनको मात्र दिने। (कार्यालयमा बसेकोमा वा विदा बसेकोमा नदिने)

(च) जिल्लाको सदर मुकाममा दरवन्दी तथा नियुक्ति भै सो जिल्ला अन्तर्गत विभिन्न स्थानमा सेवा केन्द्र वा उपकेन्द्र स्थापना गरी जनतालाई सेवा पुऱ्याउने कृषि, पशु स्वास्थ्य आदि निकाय जस्ता कर्मचारीलाई पनि गाउँ गाउँमा घुमी काम गरेको रहेछ भने त्यस्तो अवधिलाई पनि अस्थायी मुकाम मानी फिल्डमा कामकाज गरेको दिनको फिल्ड भत्ता दिने।

(छ) फिल्ड भत्ता लिन निजले काम गरेको कार्य क्षेत्रको गा.वि.स. वा वडाको अध्यक्षको सिफारिश आवश्यक पर्ने छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसुची - ६

## शाही नेपाली सेनाको भत्ता सम्बन्धी विवरण

शाही नेपाली सेनाका पदाधिकारीहरुले २०५७ साउन १ गते अगाडी खाइपाई आएका विभिन्न प्रकारका भत्ताहरुमध्ये बिमान सेवा भत्ता यसै अनुसूचीमा लेखिए अनूसार र सो बाहेकका देहायका भत्ताहरु साविकमा खाईपाई आएको रकममा नबढ्ने गरी (प्रतिशतको आधारमा होइन) २०५७ साउन १ गते देखि लागू हने गरी यथावत कायम गर्ने ।

१. कमाण्ड भत्ता : अनाश्रित रुपमा काम गर्ने बहिनीपति, गण र सो सरह पति, गुल्म र सो सरह पति, पिपा गोश्वाराका हाकिमलाई प्रदान गर्ने ।

२. हेयर कटिङ्ग : शाही नेपाली सेनाको सम्पूर्ण दरबन्दीका अतिरथी देखि फाल्वर्ससम्म प्रदान गर्ने ।

३. वासिङ्ग भत्ता : शाही नेपाली सेनाको सम्पूर्ण दरबन्दीका अतिरथी देखि फाल्वर्ससम्म प्रदान गर्ने ।

४. क्लोदिङ्ग तथा किट सम्भार भत्ता : शाही नेपाली सेनाको सम्पूर्ण दरबन्दीका अतिरथी देखी फाल्वर्ससम्म प्रदान गर्ने ।

५. विशेष भत्ता : शाही नेपाली सेनाको दरबन्दीमा विशेष कार्यको लागि खटिएका जस्तै प्रमुख सैनिक सचिव, शाही पार्श्ववर्ती तथा विशेष कम्प्याट अंगहरुका निश्चित व्यक्तिहरुलाई प्रदान गर्ने ।

६. ट्रेडशिप भत्ता : शाही नेपाली सेनाका विभिन्न ट्रेडमा प्राविधिकहरुले गर्ने कार्य स्थान विशेष तथा कार्य विशेषको कारणले गर्दा इन्फेन्ट्रीबाट नै गराउनु पर्ने भएकोले आफ्नो कार्यको अलावा थप कार्य गरेबापत निश्चित संख्यामा सवारी साधन चालकहरु तथा दक्ष तथा अर्धदक्ष समूहका प्राविधिक कार्य गर्ने सुवेदारदेखि सिपाहीसम्मका जवानहरुलाई ट्रेडशीप भत्ता प्रदान गर्ने ।

७. प्यारा भत्ता: शाही नेपाली सेनाका विशेष कम्प्याट अंग र प्यारा अंग अन्तरगतका बाहिनी, गण, गुल्म शिक्षालयलाई प्रदान गर्ने ।

८. शिक्षक भत्ता : शाही नेपाली सेनाका विभिन्न शिक्षण संस्थानहरुमा सैद्धान्तिक तथा व्यवहारिक विषयहरुको अध्यापन (तालिम) गराउने अधिकृत, पदिक तथा अन्य दर्जालाई प्रदान गरिने । ग वर्गका बाहिनी तथा युनिट स्तरका शिक्षकहरुलाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तालिम संचालन गर्न तालीम अवधि भरको लागि सम्बन्धित विभागबाट स्वीकृति लिई भत्ता प्रदान गर्ने ।

९. विमान सेवा सम्बन्धी

- श्री नं.११ बाहिनी अड्डाका चालकहरुलाई शुरु तलवको ५० प्रतिशत हवाई भत्ता, स्टल वायुयान उडान गर्दा प्रति महिना रु.५००।, हेलिकप्टर उडान गर्दा रु.४००। र जेड विमाने उडान गर्दा रु. ३००। चालक कमाण्ड भत्ता र फ्लाईङ्ग वाउन्ड्री भत्ता वापत रु. २००। प्रति महिना, भि.भि.आई.पि. फ्लाईटका जहाजहरु उडान गर्दा आर.टि. भत्ता रु. ४००। प्रति महिना, टाइप भत्ता रु.८००। प्रति महिना र इफिन्सीयन्सी भत्ता रु.३५०। प्रति महिना, इन्टरटेन्टमेन्ट भत्ता रु.१००। प्रति महिना, एयरलाइन्स सर्विस भत्ता रु. १,८५०। प्रति महिना, लाईसेन्स भत्ता रु.१००। प्रति महिना, उडान भत्ता रु.१३०। प्रति घण्टा तथा खाजा तथा जलपान भत्ता रु.२००। प्रति दिन (उडानमा खटिएको दिन मात्र) प्रदान गर्ने ।
- टर्वाईन भत्ता: जहाजहरुको टर्बो इन्जिन सम्भार गर्ने ईन्जिनियरहरुलाई मात्र साविकमा खाईपाई आएको रकममा नघट्ने गरी प्रदान गरिने ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची- ७

## नेपाल प्रहरी तर्फको भत्ता सम्बन्धी विवरण

१. विशेष कार्यदल भत्ता : नेपाल प्रहरी विशेष कार्यदलमा कार्यरत प्रहरी अधिकृत तथा जवानहरुलाई खाईपाई आएको शुरु तलव स्केलको १५ प्रतिशतले विशेष कार्यदल भत्ता प्रदान गर्ने ।

२. प्रशिक्षक भत्ता : प्रहरी विभागका विभिन्न तालिम केन्द्रमा कार्यरत प्रहरी अधिकृत तथा जवानहरुलाई ०४७ सालको शुरु तलवको स्केलको १० प्रतिशतले प्रशिक्षक भत्ता प्रदान गर्ने ।

३. तालीम भत्ता : प्रहरी नियमामावली अनुसार सेवामूलक तालीम गर्ने प्रशिक्षार्थीहरुलाई मासिक रु २००।- का दरले तालीम भत्ता प्रदान प्रदान गर्ने ।

४. आगन्तुक प्रशिक्षक भत्ता : राजश्व प्रशासन तालीम केन्द्रले पाए सरह कार्यपत्र तथा कक्षा लिए वापतको रकम प्रदान प्रदान गर्ने ।

५. विशेष भत्ता : माओवादी प्रभावित जिल्लालाई क, ख र ग मा  वर्गीकृत गरी क्रमश : रु २०००।-, १०००।- र ७००।- का दरले विशेष भत्ता वापत रकम प्रदान प्रदान गर्ने ।

६. प्रधानमन्त्री सुरक्षा भत्ता : प्रधानमन्त्री सुरक्षामा खटिने प्रहरी अधिकृत तथा जवानहरुलाई दैनिक रु २५ का दरले खाजा भत्ता वापत रकम प्रदान प्रदान गर्ने ।

७. डाक्टर भत्ता :

क) एनेस्थेसिया भत्ता ५००।- (प्रति निरीक्षण)

ख) नन्प्राक्टिसिङ्ग भत्ता रु १०००।-(मासिक)

आज्ञाले,

**नारायण प्रसाद सिलवाल**

**श्री ५ को सरकारको निमित्त सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिक... गरिएपछि मात्र लागु हुनेछ।